## बैठक संख्याः १४औं

मितिः २०८१।१२।११ सोमबार   समयः बिहानको ११:०० बजे   स्थानः सि.न.पा.को सभा हल

सिद्धार्थनगर नगरपालिकाका प्रमुख श्रीमान् इश्तियाक अहमद खाँज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री इश्तियाक अहमद खाँ | नगर प्रमुख | [signature] |
| २ | श्री उमा अधिकारी | नगर उपप्रमुख | [signature] |
| ३ | श्री उज्जवल पोखरेल (वडा अध्यक्ष - वडा नं. १) | कार्यपालिका सदस्य | |
| ४ | श्री छेदीलाल श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. २) | कार्यपालिका सदस्य | |
| ५ | श्री नारायण प्रसाद उपाध्याय (वडा अध्यक्ष - वडा नं. ३) | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री मुक्तिनाथ यादव (वडा अध्यक्ष - वडा नं. ४) | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री पुरन प्रसाद श्रेष्ठ (वडा अध्यक्ष - वडा नं. ५) | कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री विरेन्द्रनाथ श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. ६) | कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री दामोदर शर्मा घिमिरे (वडा अध्यक्ष - वडा नं. ७) | कार्यपालिका सदस्य | [signature] |
| १० | श्री शेषकान्त भण्डारी (वडा अध्यक्ष - वडा नं. ९) | कार्यपालिका सदस्य | |
| ११ | श्री सुर्जमन अहिर यादव (वडा अध्यक्ष - वडा नं. १०) | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री दिलीप कुमार यादव (वडा अध्यक्ष - वडा नं. ११) | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री कुमार गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १२) | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री सोम बहादुर गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १३) | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री हरि प्रसाद आचार्य (वडा सदस्य - वडा नं. ८) | का.बा. अध्यक्ष | [signature] |

| | | | |
|---|---|---|---|
| १६ | श्री द्रुपदा पनेरु | कार्यपालिका सदस्य | |
| १७ | श्री बीना माया ज्ञवाली | कार्यपालिका सदस्य | |
| १८ | श्री रुपा कुमारी सुनार बराईली | कार्यपालिका सदस्य | |
| १९ | श्री सविता हरिजन | कार्यपालिका सदस्य | |
| २० | श्री गयीतिरा चमार | कार्यपालिका सदस्य | |
| २१ | श्री सुभावती चमार | कार्यपालिका सदस्य | |
| २२ | श्री केदार प्रसाद बरै | कार्यपालिका सदस्य | |
| २३ | श्री शिव नारायण कोइरी | कार्यपालिका सदस्य | |
| २४ | श्री जनक थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २५ | श्री देव प्रसाद ज्ञवाली | वरिष्ठ अधिकृत, साँतौ (प्रशासनीक काम गर्ने) | |
| २६ | श्री ओमेश कुमार गैरे | लेखा अधिकृत (सातौं) आमन्त्रित | |

<u>प्रस्तावहरु :</u>

१. पूर्व राष्ट्रपति संगको लुम्बिनी प्रदेश स्तरिय अन्तर सम्वाद कार्यक्रम सम्बन्धमा ।
२. बसपार्कको सटर सम्वन्धमा।
३. स्ट्रिटलाइट जडानको रुट सम्वन्धमा ।
४. Fire Hydrant जडान सम्वन्धमा ।
५. सामुदायिक सिकाइ केन्द्र र कोचिङ्ग ईन्स्टिच्युट सन्चालनको अनुमति सम्बन्धमा ।
६. योजनाको म्यादथप सम्वन्धमा ।
७. अपाङ्गता व्यवस्थापन कार्यक्रम सम्वन्धमा ।
८. विविध ।

बैठक सख्या: १४ औं

मिति २०८१/१२/११ को नगर कार्यपालिकाको बैठकका निर्णयहरु:-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकाको आयोजक भई सम्माननीय पूर्व राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारीज्यूको प्रमुख आथित्यतामा लुम्बिनी प्रदेश भित्रका महिला सांसद, जिल्ला समन्वय समितिका महिला प्रमुख, उपप्रमुख पालिकाका महिला जनप्रतिनिधीहरु, रुपन्देही जिल्लाका संघीय तथा लुम्बिनी सांसद, गाँउपालिका महासंघ, महिला अध्यक्ष, रुपन्देही जिल्लाका निर्वाचन आयोगका मान्यता प्राप्त सबै दलका प्रमुखहरु तथा सिद्धार्थनगर नगरपालिकाको कार्यपालिकाका सदस्यहरु सबै बिचमा कार्यसम्पादनमा आइपरेका समस्या र समाधान विषयमा अन्तर सम्वाद कार्यक्रम मिति २०८१ चैत्र १६ गते सि.न.पा. १३ स्थित महेन्द्र सभागृह पछाडी पटवा बेङ्क्वेटमा आयोजना गर्ने र कार्यक्रममा साउण्ड सिष्टम र सहभागीहरुका लागी नास्ताको व्यवस्थाका लागि रु.२ लाख बराबरको रकम सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.- २ (दुई)

लुम्बिनी प्रदेश सरकार यातायात व्यवस्था सेवा कार्यालय, भैरहवाको च.नं. ४४ मिति २०८१/०९/०७ को पत्रानुसार पटके शाखाको लागी बसपार्कमा रहेको सटर माग भइ आएको हुँदा सिद्धार्थनगर नगरपालिकाको वडा नं. ३ स्थित सिद्धार्थ बसपार्कमा रहेका सटरहरु मध्ये टर्मिनल भवनको बाहिर उत्तर पश्चिम तर्फको भवनमा खाली रहेको सटर नं. ११ को सटर सो कार्यालयलाई २०८२ आषाढ मसान्त सम्म निशुल्क उपलब्ध गराउने र २०८१ साउन देखि नगरपालिकाले तोकेको भाडा लिई सो सटर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.- ३(तिन)

सिद्धार्थनगर नगरपालिका र नेपाल विद्युत प्राधिकरण, राष्ट्रिय सडक बत्ति प्रबर्द्धन आयोजना काठमाडौंको सहकार्यमा देहाय अनुसारको सडकहरुमा स्ट्रिटलाइट जडान कार्य अगाडी बढाउन सिफारिश साथ अनुरोध गर्ने निर्णय गरियो

स्ट्रिटलाइट जडान गर्ने सडकहरु :

१. वडा नं. ४ मायादेवी चोक देखि वडा नं. १० घाघरा खोला सम्म
२. वडा नं. ५ र १३ को हाटबजार पथ
३. वडा नं. ७ र १२ को आवारोड
४. वडा नं. ७ र १२ को जनकपथ देखि स्वर्गद्धारीघाट सम्म र सोही सडक भैरहवा क्याम्पस सम्म
५. वडा नं ३ सकुनीपथ देखि मेडिकल कलेज हुदै विरपथ सम्म

६. वडा नं १ कौंरणी माइपथको सेज हुदै पर्यटकिय गेट सम्म

७. वडा नं ३ र १३ मा पर्ने सिद्धार्थ बसपार्क देखि उत्तर तर्फ हुदै हुलाकी सडक सम्म

८. वडा नं ९ प्रभातपथ देखि गोनहियाको पुल सम्म

९. वडा नं ६ दुर्गाकलोनी हुदै पिपरहीय महात्माबुद्ध मा.वि. देखि गल्लामण्डी सम्म

१०. वडा नं ८ उचमीपथ देखि अन्नपूर्णपथको लुम्बिनी गेट सम्म

११. लुम्वनी सडक देखि बसडिलिया मन्दिर सम्म

१२. रंगशाला रोड देखि होटल निर्माणा सम्म

१३. अन्तराष्ट्रिय विमानस्थलको करिडोर वडा नं १० सम्म

१४.वडा नं २ म्यौडिहवा चोक देखि वडा नं ११ र १० सम्म

निर्णय नं.- ४(चार)

सिद्धार्थनगर नगरपालिकाको देहाय बमोजिमको स्थानहरुमा Fire Hydrant जडान गर्ने निर्णय गरियो ।

**Fire Hydrant जडान गर्ने स्थानहरु:**

१. वडा नं. १, ४, ५, ६, ७ र १२ को घनावस्ती पहिचान गरी खानीपानी संस्थान संग समन्वय गरी Fire Hydrand जडान गर्ने ।

२. वडा नं १० र ११ को नदीमा पानी जम्मा गर्न डेम निर्माण गर्ने ।

निर्णय नं.- ५(पाँच)

सिद्धार्थनगर नगरपालिका नगर शिक्षा समितिको मिति २०८१/१०/२४ को निर्णयानुसार देहाय बमोजिमको सामुदायिक सिकाइ केन्द्र र कोचिङ्ग इन्स्टिच्युट सञ्चालनको लागि अनुमति दिने निर्णय गरियो ।

सामुदायिक सिकाइ केन्द्र

१. शान्तिभुमी सामुदायिक सिकाइ केन्द्र, सि.न.पा. ३, दरखसवा

२. शुभ प्रभात सामुदायिक सिकाइ केन्द्र, सि.न.पा. ९, उदयपुर

कोचिङ्ग इन्स्टिच्युट

१. ग्लोरी शैक्षिक केन्द्र, सि.न.पा ६, किशोर पथ

२. आन्सिका कन्सल्टेन्सी केन्द्र, सि.न.पा ८, नारायणपथ

निर्णय नं. ६(छ)

सिद्धार्थनगर नगरपालिकामा आ.ब. ०८१/०८२ मा सञ्चालित विकास निर्माण सम्बन्धी देहायका योजनाहरु तोकिएको समयमै निर्माण सम्पन्न हुनु पर्नेमा निर्माण स्थलमा भएको स्थानीय विवाद, विविध कारणले निर्माण कार्यमा असहजता उत्पन्न भई सञ्चालित योजनाहरु निर्धारित समयमै सम्पन्न गर्न नसकी सम्बन्धित निर्माण व्यवसायीद्वारा म्याद थपको लागि निवेदन पेश हुन आए अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली (तेह्रौं संशोधन सहित), २०६४ को नियम १२० तथा सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको नियम १२९ (३) मा भएको व्यवस्था बमोजिम देहाय योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

म्याद थपका योजनाहरुको विवरण

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | वडा नं. | निर्माण व्यवसायी | सम्झौता मिति | कबोल अंक | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप हुने अवधि | प्रगती प्रतिशत % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | SNP/SQ-34/080/081 | वडा नं. १ देखि १३ का विभिन्न स्थानमा नालाका ढक्कन हटाई नाला सफाई गर्ने कार्य | १ देखि १३ | प्रितम बिल्डर्स, सि.न.पा.-४ | २०८१।०३।०४ | १८२४९५०।०० | २०८१।०९।२९ | २०८२।०३।१५ | ५० | |
| २ | SNP/NCB-49/080/081 | वडा नं. ५ स्थित कालीभक्ति गण भित्र अव्यवस्थित छठ पोखरीको पूर्वाधार निर्माण गर्ने कार्य | ५ | केकेसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा १० | २०८१।०६।०१ | २३२२२५३।१४ | २०८१।१२।२० | २०८२।०२।२० | १० | |
| ३ | SNP/SQ-02/081/082 | वडा न. २ स्थित म्युउडिहवा आधारभूत विधालयमा सार्वजनिक शौचालय निर्माण | २ | क्रान्ति निर्माण सेवा, सि.न.पा.-२ | २०८१।०७।३० | १४९३७००।५५ | २०८१।११।१५ | २०८२।०३।१५ | ० | साईड क्लियर नभएकोले |
| ४ | SNP/SQ-16/081/082 | वडा नं. १ स्थित नयाँ गाउँ स्थित दुर्गा मन्दिर पुर्वाधार निर्माण तथा स्तरोन्नती कार्य र रानीगाउँ स्थित मदरसा अरबिया अहले सुन्नत गौसिया नरुल वलुममा पुर्वाधार निर्माण तथा स्तरोन्नती कार्य | १ | ओम साई कन्स्ट्रक्सन, बसन्तपुर-४ | २०८१।०८।२५ | १०९८६८८।१८ | २०८१।१२।१५ | २०८२।०२।१५ | ३० | साईड क्लियर नभएकोले |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | SNP/NCB-06/081/082 | अब्दुल रहमानको घर तर्फको बाटो तथा नाला निर्माण, स्वी जयसवालको घर तर्फको बाटो एक तर्फी नाला निर्माण, संजोग कान्दुको घर तर्फको बाटो एक तर्फी नाला निर्माण, मुन लाईट पथको नाला र ग्राभेल बाटो निर्माण, बिनोद अग्रहरी घर तर्फको बाटो तथा नाला निर्माण | ६ | शिवान्शी इन्जिनियरिंग सर्भिस एण्ड कन्सल्टेन्सी, सि.न.पा.-६ | २०८१।०८।२१ | ४४०२०३६।५० | २०८१।१२।१५ | २०८२।०२।१५ | २५ | |
| ६ | SNP/NCB-08/081/082 | वडा नं. ८ मा पुष्पलाल पथ देखि दक्षिण महादेवी पथ टिक ढलान र हरि ओम पथ नाला निर्माण | ८ | मोहम्मद गाजी निर्माण सेवा, सियारी-६ | २०८१।०८।२० | १८३४३६८।२५ | २०८१।१२।१५ | २०८२।०१।१५ | ८० | साईड क्लियर नभएकोले |
| ७ | SNP/NCB-10/081/082 | वडा नं. ८ मा लेखनाथ पथमा सडक तथा नाला निर्माण | ८ | प्रतिभा एण्ड प्रमोद कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा-८ काठमाण्डौ | २०८१।०८।२३ | १६२२५५४।१३ | २०८१।१२।१५ | २०८२।०२।१५ | ० | स्थानीय विवाद र साईड क्लियर नभएकोले |
| ८ | SNP/NCB-13/081/082 | वडा नं. १० मा दोगहरी पश्चिम टोलमा बासुदेव मुरावको घरदेखि दक्षिण एयरपोर्टले बनाएको पेरिमिटर सडकको दक्षिण तर्फ निर्माणाधीन नाला पूर्वाधार निर्माण कार्य | १० | ओम साई कन्स्ट्रक्सन, बसन्तपुर-४ | २०८१।०९।०९ | १५८९९६७।१९ | २०८१।१२।१५ | २०८२।०२।१५ | १० | |
| ९ | SNP/NCB-20/081/082 | वडा नं. ३ मा चाणक्य पथ पूर्व तर्फ भित्री बाटो प्रेम थापाको घर सम्म नाला ग्रेभलिंग र महामाया पथ पश्चिम तर्फ मन्जु त्रिपाठीको घर हुँदै उत्तर तर्फ पक्की नाला तथा ग्रेभलिंग | ३ | मोहम्मद गाजी निर्माण सेवा, सियारी-६ | २०८१।०९।०७ | १९३०७३२।६५ | २०८१।१२।१५ | २०८२।०२।३० | ५४ | महामाया पथको साईड क्लियर नभएकोले |
| १० | SNP/NCB-35/078/079 | वडा नं. १ मा बेलहिया गेट निर्माण गर्ने कार्य | १ | लक्ष्मी निर्माण सेवा, सि.न.पा. -१३ | २०७८/१२/३० | १,६४,६२५४६।९२ | २०८१/०९/२९ | २०८१।१२।३१ | ७५ | बैकल्पिक सडक उपलब्ध गराउन नसकिएकोले |

निर्णय नं. ७ (सात)

सिद्धार्थनगर नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च शिर्षक नं. २२५२२ समानीकरण अनुदान अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य शिविर र सुधारात्मक शल्यक्रिया कार्यक्रमका लागि रु. ४,००,००० (चार लाख) र अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री वितरण कार्यक्रमका लागी रु. २,५०,००० (दुई लाख पचास हजार) बजेट विनियोजन भएकोमा सो कार्यक्रम सिद्धार्थनगर नगरपालिका र अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्र बनेपा (HRDC) को सहकार्यमा गर्नका लागी सिद्धार्थनगर नगरपालिकाको अपाङ्गता परिचयपत्र वितरण स्थानीय समन्वय समितिको मिति २०८१/१०/१५ को बैठकबाट सिफारिश भएको हुँदा उक्त कार्यक्रम यस नगरपालिका र (HRDC) को सहकार्यमा गर्नका लागी स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

विविध निर्णय नं. -८ (आठ)

१. राजमार्गबाट नगरपालिका भित्रका सडकहरुमा सहज आवत जावतका लागि राजमार्गमा पर्ने मेडिकल कलेज जाने सडक, हाटवजार रोड, आवारोड, प्रभात पथको राजमार्गमा सडक साइड खोल्नका लागी वेलहिया बुटवल व्यापारिक विस्तार आयोजना मणिग्राममा अनुरोध गर्ने निर्णय गरियो ।
२. सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०८/१९ मा वडा नं. ५ स्थित कृषि हाटवजार पूर्वाधार भवन ए ब्लकमा राख्नका लागी गठित समितिका संयोजक पुरन प्रसाद श्रेष्ठले प्रतिवेदन कार्यपालिकामा पेश गर्नु भइ कार्यपालिका बैठकलाइ जानकारी भयो ।
३. श्री मालपोत कार्यालय भैरहवाको च.नं. ७१३५ मिति २०८१/१०/२७ को पत्र मार्फत मालपोत कार्यालयमा सरसफाइ गर्ने स्वीपर कर्मचारीको लागी बजेट न्यून वजेट भएकोले सो कार्यका लागी रु. १,२५,०००/- (अक्षेरुपी एक लाख पच्चिस हजार रुपिया) सहयोग माग भएको हुँदा सो कामका लागी उक्त रकम मालपोत कार्यालय रुपन्देहीलाई उपलब्ध गराउने निर्णय गरियो ।
४. उद्योग व्यापार संगठन, रुपन्देही, सिद्धार्थनगर रुपन्देहीको प.सं. ०८१/०८२/४०२ मिति २०८१/०८/२३ को पत्रानुसार अग्रेजी नयाँ बर्ष २०२५ सालको स्वागतको अवसरमा सडक खाना महोत्सवको आयोजनाका लागि आर्थिक सहयोग माग भएकोमा उक्त संस्थालाइ रु १ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
५. साइकल सिटि भैरहवा, सिद्धार्थनगर-९, रूपन्देहीले सार्क मुलुकका २०० जना साईकिलिष्टहरुलाइ भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी र बूद्ध संग सम्बन्धित रोहिणी नदी, रामग्राम, पण्डितपुर, भवानीपवुर, पाकरी बृक्ष, बुद्ध कालिन, मन्दिर भवनेश्वरी, प्राचिन तिलौराकोट दरबार, संग्रहवा, यशोधरा पार्क र जगदिशपुर तालको भ्रमण अवलोकन गराउने उद्देश्यले बुद्ध ज्ञान साइकल यात्रा-२०८१ दोस्रो संस्करण कार्यक्रमका लागि सहयोग माग भएको हुँदा सो संस्थालाई उक्त

कार्यक्रमका लागी रु १,५०,०००.०० अक्षेरुपी एक लाख पचास हजार रुपिया उपलब्ध गराउने निर्णय गरियो ।

६. सिद्धार्थनगर नगरपालिकाको अधिकृत छैठौं पदमा कार्यरत अमित कुमार श्रेष्ठले नगरपालिकाको राजश्व नगरपालिकामा जम्मा नगरेको र बुझाएको रकमको भौचर सेवाग्राहीलाइ नदिएको भनी विभिन्न मितिमा उजुरी परेको साथै प्राप्त उजुरीको आधारमा छलफल गर्दा उक्त राजश्व रकम बुझाउछु भनी कबोल गरेको तर हाल सम्म पनि नबुझाएको साथै इ-रिक्सा व्यवस्थापनमा भलाइ कोष वापतको रकम समेत नगरपालिका कोषमा जम्मा नगरेको पाइएकोले निजले आफ्नो पदिय दायित्व तथा जिम्मेवार वहन नगरी आर्थिक हिनामिना तथा पारदर्शि कायम नगरेको पाइएकोले निजलाइ हदै सम्मको कारवाही गर्न सिफारिश गरिन्छ भनी सार्वजनिक सेवा तथा क्षमता विकास समितिले मिति २०८०/१०/२३ मा पेश भएको प्रतिवेदनबाट देखिएको । निजलाइ यस कार्यालयको च.नं. ९२० मिति २०८०/०७/१७, हाल सम्म नगरपालिकामा के कति बक्यौता नगरपालिकालाइ बुझाउन बाँकी विवरण पेश गर्नका लागि पत्राचार भएकोमा निजले सो पत्रको कुनै जवाफ पेश नगरेको त्यस पश्चात यस कार्यालयबाट च.नं. ३६८५ मिति २०८१/१/२१ को पत्र मार्फत नगर कार्यपालिकाको राजश्व शाखा प्रमुख भई कार्यरत रहदा विभिन्न सटर तथा पसलको भाडा असुल गरी रसिद नदिइ गैरकानुनी एवम् गैर जिम्मेवार पूर्ण काम गरी सार्वजनिक रकम हिनाविना गरी राजश्व अपचलन गरेको तथा रकम कार्यालयमा नियमानुसार दाखिला गर्ने भनी तपाइ स्वयंमले नै सही गरेको र सो बमोजिम दाखिला नगरेकोमा मिति २०८०/०१/०३ मा कार्यपालिका बैठकबाट निजलाइ स्पष्टिकरण माग गर्ने भनी भएको निर्णायानुसार ७ दिनको स्पष्टिकरण माग भएकोमा तोकिएको समयावधि भित्र निजले कुनै पनि लिखित स्पष्टिरकण पेश नगरेको, निजलाइ पुन च.नं. ३८२८ मिति २०८१/२/१ मा आचरण सुधारको लागी पटक पटक जानकारी गराउदा समेत अटेर गरी बसेको तथा निजको कार्यसम्पादनमा समेत कैफियत देखिएकोले निजलाइ निजामती सेवा ऐन २०४९ को दफा ५९(ख) बमोजिम सजाय किन नगर्ने ? सजाय नगर्नुको मनासिब कारण भए सोको लिखित जवाफ सहित पत्र प्राप्त गरेको मितिले २४ घण्टा भित्र कार्यालयमा उपस्थित हुनु होला उपस्थित नभएमा वा सन्तोष जनक जवाफ पेश नगरेमा निजामति सेवा ऐन २०४९ को दफा ५९ (ख) बमोजिम सजाय गरिने बेहोराको स्पष्टिकरण माग भएकोमा निजले हाल सम्म पनि निज उपस्थित भइ कुनै लिखत जवाफ पेश नगरेको, आर्थिक बर्ष २०८०/८१ को म.ले.प. बाट भएको अन्तिम लेखा परीक्षण हुँदा लेखा परीक्षणको बुँदा नं. ३२ मा अमित कुमार श्रेष्ठबाट असार मसान्त सम्मको रु. १६,७६,३६८.०० रुपिया असुल हुनु पर्ने उल्लेख भएको र सो रकमको चैत्र मसान्त सम्मको दस प्रतिशत जरिवाना समेत रु. १,६७,६३७.०० थप गरी कुल जम्मा रु. १८,४४,००४.०० रकम असुल गर्नुपर्ने देखिएको । निजले अमित कुमार श्रेष्ठले पालन गर्नुपर्ने आचरण पालना गरी सो बमोजिमको काम नगरेको, पटक पटक कार्यालयबाट छानविन समितिबाट रकमको विवरण माग भइ दाखेला गर्नका लागी

बारम्वार ताकेता भएको देखिएको, निज अमित कुमार श्रेष्ठले नगरपालिकाको राजश्व अपचलन गरी राजश्व हिनामिना गरी नगरपालिकामा दाखेला गर्नुपर्ने सरकारी राजश्व दाखेला नगरेको विषयमा पटक पटक लिखित स्पष्टिकरण सोधिएको तर निजले सोको बिषयमा लिखित जवाफ पेश नगरेको र निजले २०८१ चैत्र मसान्त सम्म नगरपलिकामा जम्मा गर्नुपर्ने राजश्व रकम रु १८,४४,०००४.०० मलेप प्रतिवेदनबाट समेत पुष्टि भएको देखिएको हुँदा निज अमित कुमार श्रेष्ठले निजामती सेवा ऐन २०४९ को दफा ६१ को क, ख, घ, च बमोजिमको आचरण पालना नगरेको देखिएको हुँदा निजलाइ सोही ऐनको दफा ५९(ख) (१) तथा दफा ६१ बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय गरियो । साथै निज अमित कुमार श्रेष्ठले नगरपालिकालाइ बुझाउनु पर्ने रकम चैत्र मासन्त सम्मको रु. १८,४४,००४.०० जरिवाना सहितको रकम निज नोकरीवाट अवकास हुँदा पाउने निवृत्तिभरण तथा पारिश्रमिकबाट सरकारी रकम सरह असुल उपर गरी बाँकी बचत हुन आउने रकम निजलाई भुक्तानी दिने निर्णय गरियो ।

७. सिद्धार्थनगर नगरपालिकामा अन्तर्गतको राजश्व शाखामा असुल हुनपर्ने समग्र राजश्व के कति कारणबाट असुल हुन नसकेको भन्ने विषयमा छानविन गर्न मिति २०८१/५/१८ मा गठित छानविन समितिलाइ सो कार्य गर्नका लागी निरन्तरता दिने निर्णय गरियो ।